"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्या: ०८१/०८२
च. नं : १५८४

मिति: २०८२|०३|२५
ने.सं.: ११४५ दिल्लाथ्व १४ बुधबार

**बिषय: सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण भुक्तान गर्ने सम्बन्धी जरुरी सूचना ।**

कनकाई नगरपालिका भित्रका सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणी सदस्यहरुले तोकिएको समय सिमा भित्र ऋणको सावाँ तथा ब्याज भुक्तान नगर्दा केही संस्थाहरुमा तरलतामा समस्या हुन गई सदस्यहरुलाई बचत फिर्ता गर्न नसकेको गुनासो आइरहेको छ ।

सहकारी संस्थामा सदस्यहरुको बचत रकम नै कर्जाको रुपमा प्रवाह हुने र ऋणी सदस्यहरुले समयमा नै आफुले भुक्तान गर्नुपर्ने सावाँ तथा ब्याज चुक्ता नगर्दा सहकारी संस्थाहरुमा समस्या उत्पन्न भएको छ । सहकारी ऐन २०७४ को दफा ८३ र ८४ साथै कनकाई नगरपालिकाको सहकारी ऐन २०७८ को परिच्छेद १३ को दफा ५९ देखी ६५ बमोजिम समयमा नै किस्ता ब्याज नवुझाउने ऋणी सदस्यहरु र ऋणीका एकाघर सदस्यहरुको सम्पूर्ण चल अचल सम्पती तथा बैंक वित्तिय संस्थाहरुमा रहेका खाताहरु रोक्का राखी ऋण असुलीका लागी आवश्यक प्रक्रिया अगाडी बढाउन सम्बन्धित संस्थाहरुलाई निर्देशन दिइनेछ । प्रचलित कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सहकारी संस्थाहरुलाई आफ्ना सदस्यहरुको बचत समयमा फिर्ता गर्न र ऋण तथा बाँकी बक्यौता असुली गर्ने तर्फ थप क्रियाशिल रहन कनकाई नगरपालिका जानकारी गराउँदछ ।

साथै सहकारी संस्थाका सम्पूर्ण ऋणी सदस्यहरुलाई प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवम् मापदण्डको बर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो सोही बमोजिम ऋणको सावाँ र ब्याज लगायतका रकम सम्बन्धित सहकारी संस्थामा यही २०८२ असार मसान्त भित्र भुक्तान गरी जिम्मेवार सदस्यको दायित्व पूरा गर्नुहुन जानकारी गराईन्छ ।

२०८२|३|२५
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत